नेपालको पहिलो बैंक

नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्र प्राप्त संस्था

नेपाल बैंक लिमिटेड
NEPAL BANK LIMITED

स्थापित वि.सं. १९९४

## इटहरी शाखा

### नेपाल बैंक लिमिटेड ईटहरी शाखाको भवनमा स्टोर कोठा निर्माण सम्बन्धि सिभिल कार्य लगायत विविध कार्यको लागि दरभाउपत्र आव्हानको सूचना

**(प्रथम पटक प्रकशित मिति २०७५/०१/१२)**

नेपाल बैंक लिमिटेड ईटहरी शाखाको भवनमा स्टोर कोठा निर्माण कार्य लगायत विविध निर्माण कार्य गर्नु पर्ने भएकोले अनुभवी इच्छुक निर्माण व्यवसायीहरुबाट यो सूचना प्रकाशित भएको मितिले १५ दिन भित्र खरिद गरी १६ औं दिनको ११:०० वजे भित्र पेस गर्न सिलवन्दि दरभाउपत्र आव्हान गरिएको छ । यस बैंकको ईटहरी शाखाको विविध आम्दानी हिसावमा रु.१,०००/- (पछि फिर्ता नहुने) जम्मा गरी यस बैंकको इटहरी शाखा वाट दरभाउपत्र फारम खरिद गर्न सकिनेछ । सो सम्वन्धि शर्त तथा कार्य विवरण दरभाउपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ । प्राप्त भएका सिलवन्दी दरभाउपत्रहरु स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस बैंकमा निहित रहनेछ । यस सम्वन्धि थप जानकारीको लागि कार्यालय समय भित्र नेपाल बैंक लिमिटेड, इटहरी शाखामा सम्पर्क राख्नु हुन सूचित गरिन्छ ।

**तपसिल**

१) दरभाउपत्रदाता निर्माण व्यवसायीहरुले उल्लेखित कार्यहरु के कति रकममा गर्न सकिने हो बैंकले तोकेको नक्सा डिजाईन अनुसारको कामको दर रेट (BOQ) खुलाइ, आफुले कवोल गरेको रकमको(भ्याट सहित) घटीमा २.५ प्रतिशत (अढाई प्रतिशत) ले हुने रकमको माथिल्लो पाँच सय वा हजार अंक पुऱ्याई धरौटी वापत यस बैंकको इटहरी शाखामा नगद जम्मा गरेको सक्कल भौचर वा सो रकम बराबरको वोलपत्र बुझाउने अन्तिम मितिले कम्तीमा ९० दिन म्याद भएको अन्य 'क' वर्गको वाणिज्य बैंकबाट जारी भएको विड वण्ड दरभाउपत्र साथ संलग्न गर्नु पर्नेछ ।

२) दरभाउपत्रदाता निर्माण व्यवसायीले साथ कम्पनी/फर्म दर्ता प्रमाणपत्र, व्यवसायदर्ताको इजाजत पत्र मु.अ.क. दर्ता प्रमाणपत्र तथा स्थाई लेखादर्ता नं (प्यान) प्रमाणपत्र, आ.व.२०७३/७४ को कर चुक्ता प्रमाणपत्र र निर्माण कार्य सम्वन्धी कार्य अनुभव पेश गर्नुपर्नेछ ।

३) दरभाउपत्र पेश गर्दा बैंकले उपलब्ध गराएको दरभाउपत्र फारामनै (नियम एवं शर्त सुविधाहरु र आवरण पृष्ठ समेतको सबै) बैंकमा पेश गर्नु पर्नेछ । दरभाउपत्र फारामको प्रत्येक पुछारमा दरभाउपत्रदाताले आधिकारिक दस्तखत गरी आफ्नो फर्मको छाप समेत लगाएको हुनु पर्नेछ ।

४) उपरोक्त कार्य, कार्य आदेश पाएको मितिले ३५ दिन भित्र पुरा गरी बैंकलाई हस्तान्तरण गरी दिनु पर्नेछ ।

५) उपरोक्त कार्यको निर्माण सामाग्रीहरु गुणस्तरीय हुनु पर्नेछ र बैंकको प्राविधिकको स्विकृतीमा मात्र प्रयोग गर्नु पर्ने छ ।

६) यस सम्वन्धमा अन्य विस्तृत विवरण दरभाउपत्र फाराममा उल्लेख भए वमोजिम हुनेछ ।

दरभाउपत्र प्राप्त गर्ने स्थान :- ने.बै.लि. इटहरी शाखा ।
दरभाउपत्र खरिद गर्ने अन्तिम मिति :- २०७५/०१/२६ गते बुधबार कार्यलय समय भित्र ।
दरभाउपत्र दाखिला गर्ने अन्तिम मिति :- २०७५/०१/२७ गते बिहीबार विहान ११:०० वजे भित्र ।
दरभाउपत्र दाखिला गर्ने स्थान :- नेपाल बैंक लिमिटेड, इटहरी शाखा ।
दरभाउपत्र खोल्ने मिति र स्थान :- २०७५/०१/२७ गते बिहीबार दिउसो २:०० बजे ने.बै.लि. इटहरी शाखा ।

बैंकको अनुमानित लागत :- **भ्याट सहित रु.४,७८,८३१/- (अक्षेरेपी चार लाख अठहत्तर हजार आठ सय एक्तिस मात्र ।)**